स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १ असार १० गते २०८० साल

**भाग १**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको ऐन न. १

# मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०८०

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले मिर्चैया नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

(१) **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम “मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० ” रहेको छ ।

(२) यो ऐन मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३)यो ऐन मिर्चैया नगरपालिका भित्र मात्र लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मिर्चैया नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले मिर्चैया नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२३ बमोजिमको मिर्चैया नगरसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य र जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त मिर्चैया नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही मिर्चैया नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५ **खारेजी तथा बचाउः** (१) यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो ऐन बन्नु भन्दा अघि नगरपालिकाबाट यस विषयमा भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) नगरपालिकाले प्रशासकीय कार्यविधि नियमित गर्न यस अघि जारी गरी कार्यान्वयनमा ल्याएका कानूनी प्रबन्धहरुलाई यसै ऐनको अङ्ग मानिनेछ ।

६ **संघीय तथा प्रदेश कानुनसँग बाझिएम:** यस ऐनमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानुनमा भएको व्यवस्थासँग बाझिएमा प्रदेश वा संघीय कानुन वमोजिम हुनेछ ।

आज्ञाले
बिष्णु रंजन बराल
प्रमुख प्रशासकिय अधिकृत